# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, असोज २५ गते, २०७२ साल (संख्या २३

## भाग ३

नेपाल सरकार

**वन तथा भू–संरक्षण मन्त्रालयको सूचना**

**वन (पाचौं संशोधन) नियमावली, २०७२**

वन नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "वन (पाँचौ संशोधन) नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन नियमावली, २०५१ को नियम ६२ मा संशोधन : वन नियमावली, २०४९ (यस पछि मूल नियमावली भनिएको) को नियम ६२ को,-

(१) नियम शीर्षकमा रहेका "काठको ओसार पसार" भन्ने शब्दहरुको सट्टा "वन पैदावारको ओसार पसार" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) पछि देहायका उपनियम (४क), (४ख) र (४ग) थपिएका छन् :-

"(४क) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिम दर्ता नभएको निजी वन धनीले त्यस्तो निजी वनमा रहेका अनुसूची-२६ बमोजिमका रुख अनुमति नलिई कटान गर्न र त्यसको काठ दाउरा छोडपुर्जि नलिई ओसार पसार गर्न सक्नेछ ।

(४ख) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिम दर्ता नभएको निजी वन धनीले त्यस्तो निजी वनमा रहेका अनुसूची-२७ बमोजिमका जडीबुटी वा अन्य वन पैदावार छोडपुर्जि नलिई ओसार पसार गर्न सक्नेछ ।

(४ग) उपनियम (४क) र (४ख) बमोजिम काठ दाउरा, जडीबुटी वा अन्य वन पैदावार ओसार पसार गर्दा सम्बन्धित जिल्ला वन कार्यालय वा सो कार्यालयको कार्यक्षेत्रभित्रको इलाका वन कार्यालयबाट काठ दाउराको हकमा अनुसूची-२८ बमोजिम र जडीबुटी वा अन्य वन पैदावारको हकमा अनुसूची-२९ बमोजिम लगत प्रमाणित गराउनु पर्नेछ ।"

३. <u>मूल नियमावलीमा अनुसूची थप</u> : मूल नियमावलीको अनुसूची-२५ पछि देहायका अनुसूची-२६, अनुसूची-२७, अनुसूची-२८ र अनुसूची-२९ थपिएका छन् :-

"अनुसूची-२६

(नियम ६२ को उपनियम (४क) सँग सम्बन्धित)

**दर्ता नभएको निजी बन धनीले कटान गर्न अनुमति लिनु नपर्ने र काठ दाउरा ओसार पसार गर्न छोडपुर्जि लिनु नपर्ने रुखहरु**

| | | | |
|---|---|---|---|
| १. आँप | २. लिची | ३. कटहर | ४. अम्बा |
| ५. हलुवावेद | ६. इमली | ७. लहरेपिपल | ८. गोल्डमोहर |
| ९. वीरेन्द्रफूल | १०. कपोक | ११. बकाईनो | १२. नीम |
| १३. बबुर/बबुल | १४. मसला | १५. सिसौ (वृक्षारोपण) | १६.इपिलइपिल |
| १७. कदम | १८. टिक | १९. क्यासिया सियामिया | २०. काभ्रो |
| २१. लप्सी | २२. मोलाटो | २३. टुनी | |

अनुसूची-२७
(नियम ६२ को उपनियम (४ख) सँग सम्बन्धित)
दर्ता नभएको निजी वन धनीले ओसार पसार गर्न छोडपुर्जि
लिनु नपर्ने वन पैदावार

(क) जडीबुटी

| | | | |
|---|---|---|---|
| १. रिट्ठा | २. लप्सी | ३. रुद्राक्ष | ४. अमला |
| ५. बेधिफल/बोधिचित्त | ६. चिउरी | ७. टिमुर | ८. तेजपात |
| ९. चिराइतो | १०.कुरिलो/ सतावरी | ११. सिल्टीमुर | १२. बेल |
| १३. मसलाको पात | | | |

(ख) अन्य वन पैदावार

१. अम्रिसो/अम्लिसो    २. बाँस

अनुसूची-२८

(नियम ६२ को उपनियम (४ग) सँग सम्बन्धित)

**दर्ता नभएको निजी वनबाट उत्पादित काठ दाउरा ओसार पसार लगत प्रमाणित फाराम**

जिल्ला वन कार्यालय.............

................., इलाका वन कार्यालय

१. जग्गाधनीको नाम :

२. ठेगाना :

३. कित्ता नं :

४. कटान रुख सङ्ख्या :

५. उत्पादित परिमाण: (क) काठ : (ख) दाउरा :

६. लैजाने स्थान :

७. टाँचाको विवरण :

८. सिलको विवरण :

९. लैजाने अवधि :

| क्र. सं. | वन पैदावारको प्रजाति | किसिम (काठ/दाउरा) | नाप (साईज) लम्बाई (फिट) | गोलाई (ईन्च) | थान | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| जम्मा परिमाण | | | | | | | |

द्रष्टव्य :

१. यस फाराम बमोजिमको वन पैदावार नेपालभित्र मात्र ओसार पसार गर्न सकिनेछ ।

२. बाटोमा पर्ने वन चेकपोष्टहरुले दरपिठ गरी छाडिदिनु पर्नेछ ।

३. यस फारामको एक प्रति निवेदकलाई दिई जिल्ला वन कार्यालय र इलाका वन कार्यालयमा एक एक प्रति राख्नु पर्नेछ ।

४. निवेदन दिएको सात दिन भित्र टाँचा लगाई पन्ध्र दिनभित्र निवेदकलाई यस बमोजिमको लगत प्रमाणित फाराम प्राप्त हुनेछ ।

| जग्गाधनी वा खरिदकर्ताको,- | लगत तयार गर्ने कर्मचारीको,- | प्रमाणित गर्ने कर्मचारीको,- |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| दस्तखत : | पद : रेञ्जर | पद : जिल्ला वन अधिकृत/ सहायक वन अधिकृत |
| | दस्तखत : | दस्तखत : |

अनुसूची-२९

(नियम ६२ को उपनियम (४ग) सँग सम्बन्धित)

## दर्ता नभएको निजी वनबाट उत्पादित जडीबुटी तथा अन्य वन पैदावार ओसार पसार लगत प्रमाणित फाराम

जिल्ला वन कार्यालय, .............

.................., इलाका वन कार्यालय

१. जग्गाधनीको नाम : २. ठेगाना : ३. कित्ता नं :

४. लैजाने स्थान : ५. लैजाने अवधि : ६. सिलको विवरण :

| क्र. सं. | वन पैदावारको नाम | ईकाई | परिमाण | प्याकिङ्ग थान (बोरा / भारी) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | जम्मा परिमाण | | | | |

द्रष्टव्य :

१. यस फाराम बमोजिमको गैरकाष्ठ वन पैदावार नेपालभित्र मात्र ओसार पसार गर्न सकिनेछ ।

२. बाटोमा पर्ने वन चेकपोष्टहरुले दरपिठ गरी छाडिदिनु पर्नेछ ।

३. यस फारामको एक प्रति निवेदकलाई दिई जिल्ला वन कार्यालय र इलाका वन कार्यालयमा एक एक प्रति राख्नु पर्नेछ ।

| जग्गाधनी वा खरिदकर्ताको,- | लगत तयार गर्ने कर्मचारीको,- | प्रमाणित गर्ने कर्मचारीको,- |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| दस्तखत : | पद : रेञ्जर | पद : जिल्ला वन अधिकृत/सहायक वन अधिकृत |
| | दस्तखत : | दस्तखत :" |

आज्ञाले,
मधुप्रसाद रेग्मी
नेपाल सरकारको सचिव